कल्याणकारी योजना निर्देशनालय बलाध्यक्ष विभाग जंगी अड्डा

श्री बलाध्यक्ष विभाग
कल्याणकारी योजना निर्देशनालय,
जंगी अड्डा।

## पदपूर्ति सम्बन्धी सूचना
**(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०४/०२ गते)**

१. सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित देहायमा उल्लेखित पदमा खुल्ला प्रतिस्पर्धाद्वारा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डामा दरखास्त फाराम भर्न आव्हान गरिन्छ।

**पदपूर्ति गर्नुपर्ने पद तथा योग्यताको विवरण**

| सि.नं. | स्थान | पद | आवश्यक संख्या | आवश्यक न्युनतम योग्यता | वान्छनीय योग्यता | कै. |
|---|---|---|---|---|---|---|
| १. | रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालय, बांसबारी | प्रिन्सिपल | १ जना | (१) त्रि.वि. वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा ५० प्रतिशत अंक ल्याई स्नातकोत्तर तह उत्तीर्ण भएको हुनुपर्नेछ।<br>(२) १०+२ वा सोभन्दा माथिल्लो तहमा १२ वर्ष अध्यापन अनुभव भएको हुनुपर्नेछ।<br>(३) सैनिक आवासीय महाविद्यालय/विद्यालयहरुमा कार्यरत भाईस-प्रिन्सिपल/विभागीय प्रमुख/संयोजक/हाउसमास्टर जस्ता जिम्मेवारी सफलतापूर्वक सम्हालेका उम्मेदवारको हकमा १०+२ वा सोभन्दा माथिल्लो तहमा १० वर्ष अध्यापन अनुभव भएको हुनुपर्नेछ।<br>(४) उमेरको हद: ३५ पुगेको साथै ५२ वर्ष ननाघेको हुनुपर्नेछ। | प्रथम श्रेणीमा उत्तीर्ण, योग्य, अनुभवी, अंग्रेजी भाषामा राम्रो ज्ञान भएको, प्रधानाध्यापक व्यवस्थापन/नेतृत्व तालिम गरेको, शिक्षाशास्त्रमा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको, शिक्षक अनुमति पत्र प्राप्त, प्रशासनिक कार्यदक्षता, व्यवस्थापन तथा कार्यालय संचालन गर्न सक्ने क्षमता भएको परिपक्व, दुरदर्शी व्यक्तिलाई विशेष ग्राह्यता दिईनेछ। | |

२. **दरखास्त फाराम पाईने स्थान र फाराम दस्तुर :** दरखास्त फाराम श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाबाट उपलब्ध गराईनेछ र सोको लागि रु.१५००/- दस्तुर लाग्नेछ।

३. **दरखास्त बुझाउने अन्तिम मिति :** मिति २०७५/०४/३१ गतेको १६०० बजेभित्र।

४. **दरखास्त बुझाउने स्थान :** श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा।

५. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** रेकर्ड फायलमा राखी देहाय अनुसारका प्रमाणित कागजादहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(क) व्यक्तिगत विवरण (Curriculum Vitae)
(ख) नागरिकताको प्रतिलिपि
(ग) शैक्षिक प्रमाणपत्रहरु - एस.एल.सी. र सो देखि माथि हरेक तहको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, प्रोभिजनल/ओरिजिनल सर्टिफिकेट, चारित्रिक प्रमाणपत्र, Migration Certificate, Equivalent Certificate (विदेशबाट अध्ययन गरेको भएमा)।
(घ) अनुभव, तालिम तथा प्राप्त अन्य प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु।
(ङ) नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालबाट निरोगिताको प्रमाणपत्र।
(च) हालसालै खिचेको पासपोर्ट साईजको दुई प्रति फोटो तथा रु.१० को टिकट।

६. **छनौट प्रकृया :**
(क) प्रथम चरणमा उम्मेदवारहरुले पेश गरेको Curriculum Vitae लगायत प्रमाणपत्रहरु अध्ययन गरी सो को आधारमा Short List प्रकाशन गरिनेछ।
(ख) दोस्रो चरणमा Short Listed उम्मेदवारहरुको लिखित परीक्षा तथा सो को नतिजा प्रकाशन गरिनेछ।
(ग) तेस्रो चरणमा प्रयोगात्मक परीक्षा एवम् सो को नतिजा प्रकाशन गरिनेछ।
(घ) चौथो चरणमा अन्तरवार्ता परिक्षा र अन्तरवार्ता सहितको एकमुष्ट नतिजा प्रकाशन गरी योग्यताक्रमका आधारमा मूल उम्मेदवारका रुपमा छनौट हुने उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिनेछ।
(ङ) परीक्षा आवश्यकता अनुसार नेपाली वा अंग्रेजी माध्यममा हुनेछ।

७. **तलव भत्ता तथा अन्य सुविधाहरु :**
(क) पुनरावलोकन गरिएको आकर्षक तलब भत्ता उपलब्ध गराईनेछ।
(ख) कार्यालय प्रयोजनको लागि ईन्धन तथा ड्राईभर सहित सवारी साधन उपलब्ध गराईनेछ।
(ग) वार्षिक रु.१ लाख १० हजार सम्मको औषधोपचार सेवा श्रीमान्/श्रीमती (कार्यरत अवधिभर) लाई उपलब्ध गराईनेछ।
(घ) दशैं खर्च, पोशाक भत्ता तथा संचित बिदा नियमानुसार हुनेछ।

८. **सम्पर्क मिति र स्थान** : मिति २०७५/०५/०१ गते शुक्रबार अपरान्ह १४:०० बजे, श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा।

***नोट :***
(क) विभिन्न चरणमा हुने छनौट प्रक्रिया सम्बन्धी विस्तृत विवरण सम्पर्क मितिका दिन जानकारी गराइनेछ।
(ख) दरखास्त दिने उम्मेदवार फौजदारी/अदालती/कानुनी रुपमा दोषी नभएको हुनुपर्नेछ।
(ग) अन्तरवार्तामा सहभागी हुन आउने उम्मेदवारले नागरिकता, सम्पूर्ण तहका शैक्षिक प्रमाणपत्रहरु, वाञ्छनीय योग्यताको प्रमाणपत्रहरुको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ।
(घ) तोकिएको स्थान, मिति र समयमा उपस्थित नहुने उम्मेदवारहरुलाई पुन: परीक्षाको व्यवस्था गरिने छैन।
(ङ) थप जानकारीको लागि नेपाली सेनाको वेभ साईट www.nepalarmy.mil.np वा श्री कल्याणकारी योजना निर्देशनालयको फोन नं. ०१-४२२५९४३ मा सम्पर्क राख्न सकिनेछ।